# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


चलानी नं. ..................

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

मितिः २०८२/०१/१९

**स्नातकोत्तर (MA) तह तथा अधिस्नातक तह (PGD) को पहिलो सेमेस्टरको सत्रान्त परीक्षाको अनलाइन (Online) फाराम भर्ने जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर (MA) तहको नियमित कार्यक्रम तथा आन्तरिक स्रोतबाट सञ्चालित स्नातकोत्तर तह (MA) र अधिस्नातक तह (PGD) अन्तर्गतका कार्यक्रमहरूको शैक्षिक वर्ष २०२४ (Batch 2024) का नियमित तथा सोभन्दा अघि (शैक्षिक वर्ष २०२० सम्म) का आंशिक परीक्षार्थीहरूको **पहिलो सेमेस्टरको** सत्रान्त परीक्षा वि.सं. २०८२ साल जेठको अन्तिम साताबाट सञ्चालन हुने भएकाले सम्बन्धित सबै परीक्षार्थीहरूलाई वि.सं. २०८२ साल बैशाख २१ गतेदेखि जेठ १४ गतेसम्म (दोब्बर दस्तुर सहित) अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ।

परीक्षार्थीहरू आफू अध्ययनरत केन्द्रीय विभाग/क्याम्पस/कार्यक्रमको नाम छनौट गरी https://exam.tufohss.edu.np मार्फत वेवसाइटमा उल्लेखित निर्देशन अनुसार अनलाइन परीक्षा फाराम भर्न सकिने छ। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरूको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन। यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइट www.fohss.tu.edu.np बाट प्राप्त गर्न सकिने छ

- **परीक्षा फाराम भर्ने समयावधि** : मिति २०८२ साल बैशाख २१ गतेदेखि जेठ ९ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८२ साल जेठ १४ गते राति १२:०० बजेसम्म।
- **परीक्षा दस्तुर** : नियमित कार्यक्रमका परीक्षार्थीहरूका लागि रू. १,५००/- (अक्षरेपी रू. एक हजार पाँच सय मात्र) र आन्तरिक स्रोतबाट सञ्चालित स्नातकोत्तर तथा अधिस्नातक कार्यक्रमका परीक्षार्थीहरूका लागि रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र)। विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ। यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पस/विभागसँग समन्वय गरी फाराम भरी सक्नु पर्ने छ।


कीर्तिपुर, काठमाडौं, नेपाल। टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np

❖ परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेशन नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेशन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

❖ सम्बन्धित क्याम्पस/विभागहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण उल्लेखित समयावधि भित्र नै परीक्षा फाराममा अनलाइन मार्फत भरी पठाउनु पर्ने छ ।

❖ अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, स्थानान्तरण भए सो पत्रको प्रतिलिपि र फाराममा तोकिएको ठाउँमा दस्तखत आदि Upload गर्नुपर्ने छ ।

❖ सम्बन्धित विभागहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम मिति २०८२ साल जेठ १८ गतेभित्र अनिवार्य रुपमा रूजु र प्रमाणित (Verify) गरि आवश्यकतानुसार स्वीकृत वा अस्वीकृत गरी सक्नु पर्ने छ । उक्त समयावधि भित्र स्वीकृत नगरिएका अनलाइन परीक्षा फारामको सन्दर्भमा थप प्रक्रिया अघि बढाउनका लागि डीन कार्यालय बाध्य हुने छैन साथै यसकारण अन्यथा हुन गएमा सम्वन्धित क्याम्पस/विभाग प्रशासन नै जिम्मेवार हुने छ ।

❖ विद्यार्थीहरूले भरेका र क्याम्पस/विभागहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू (**विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू**) को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्वन्धित विभाग/कार्यक्रमको पत्र सहित विद्यार्थीको आन्तरिक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) मिति २०८२ साल जेठ १६ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।

❖ डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८२ साल जेठ २२ गतेपछि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत वा सम्बन्धित क्याम्पस/विभाग मार्फत समेत प्राप्त गर्न सक्ने छन् र उक्त प्रवेशपत्र **कलर प्रिन्ट गरी तथा सम्बन्धित क्याम्पस/विभाग/कार्यक्रमको छाप लगाइ** परीक्षा अवधिभर अनिवार्य रुपमा आफ्नो साथमा राख्नु पर्नेछ ।

**नोटः** यस सङ्काय अन्तर्गत चार वटै सेमेस्टरका सबै पाठ्यांशहरू (शोधपत्र सहित) को कूल ग्रेड CGPA 3.00 भन्दा कम भएर Transcript पाउन नसकेका स्नातकोत्तर (MA) तहका शैक्षिक वर्ष २०१९ (Batch 2019) देखि यताका विद्यार्थीहरूले नियमित चक्रमा पहिलो, दोस्रो, तेस्रो र चौथो सेमेस्टरका कुनै तीन विषयमा ग्रेड सुधार परीक्षा (Grade Improvement Examination) का निमित्त परीक्षा-फाराम भर्न पाइने प्रावधान बमोजिम अघिल्ला परीक्षाहरूमा ३ वटा विषय नपुगेको भएमा यस सेमेस्टरमा नियम बमोजिम ग्रेड सुधार परीक्षा (Grade Improvement Examination) का निमित्त अनलाइन परीक्षा-फाराम भर्न सक्ने छन् ।

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

**डा. चिरञ्जीवी आचार्य**
**सहायक डीन**